नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ति

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन हुँदा सो ऐनको दफा ७ को उपदफा (४) बमोजिम तोकिएको शैक्षिक योग्यता र तोकिएको सेवा अवधि पूरा गरेका कर्मचारीहरुको (कर्मचारी समायोजन अध्यादेश प्रमाणिकरण भएको मितिलाई आधार मानी) सोही दफा बमोजिम समायोजन हुने तह अन्यथा भएको अवस्था भए राष्ट्रिय किताबखानामा अद्यावधिक गरेको कर्मचारीको सम्बन्धित विवरणको आधारमा ऐन बमोजिम समायोजन हुने तह मिलान गरी समायोजनको पत्र दिने व्यवस्था हुन र सो को जानकारी संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको कर्मचारी प्रशासन महाशाखा र कर्मचारी समायोजन तथा संगठन विकास महाशाखालाई दिन यस मन्त्रालयको मिति २०७५/११/२१ (मा. मन्त्रिस्तर) को निर्णयानुसार सबै सेवा सञ्चालन गर्ने निकायहरुलाई मिति २०७५/११/२२ मा पत्राचार गरिसकिएको छ । सम्बन्धित कर्मचारीहरुले आ-आफ्नो सेवा सञ्चालन गर्ने निकाय (लेखा समूहको हकमा महालेखा नियन्त्रकको कार्यालय र राजश्व समूहको हकमा अर्थ मन्त्रालय) को कर्मचारी प्रशासन महाशाखामा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।